# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

शहरी विकास तथा खानेपानी लेखापरीक्षणनिर्देशनालय

डोरमुकाम, दार्चुला


पत्र संख्याः०७७।७८

च.नं. ३२

मितिः २०७८।०६।२१

विषयः लेखापरीक्षणको प्रारम्भिकप्रतिवेदन।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
अपिहिमाल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
दार्चुला ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७।०७८ विनियोजन / राजस्व / धरौटी/ अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।०६।१४ मा छलफल पश्चात तयार गरिएको पाना ३९ (उन्चालिस) को प्रारम्भिक प्रतिवेदन यसै साथ छ ।

कार्यालयबाट पेश भएको आर्थिक विवरण प्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो।प्रतिवेदनमा उल्लिखितव्यहोराका सम्बन्धमा सुदुर पश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि एन २०७५ को दफा ३५ अनुसार ३५ दिन भित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समय भित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखा उत्तदायी अधिकृत।कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

(ध्रुवराज भुसाल)
निर्देशक

**बोधार्थ तथा कार्यार्थः**

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार - प्रतिवेदन संलग्न छ।

श्री जिल्ला समन्वय समिति,
दार्चुला - प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
दार्चुला- प्रतिवेदन संलग्न छ ।

निकायको नाम अपिहिमाल गाँउपालिका , दार्चुला
वर्ष २०७७।७८

## आर्थिक कारोबारको स्थिति

| कार्यालय र स्थान: | पद | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| अपिहिमाल गाँउपालिका | | | देखि | सम्म | |
| | नि. प्रमखु प्रशासकिय अधिकृत | श्री लक्ष्मण सिह धामी | २०७७.०४.०१ | २०७८.०३.३१ | २४२१०७४४.०० |
| आर्थिक वर्ष: २०७७/०७८ | लेखापाल | श्री दिपक सिह धामी | २०७७.०४.०१ | २०७८.०३.३१ | |

**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७/०७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

### आर्थिक वर्ष २०७७।७८ को आम्दानी तथा खर्चको विवरण

| क.स. | आय तर्फ | | | क.स. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी सरेको | | ६२९३०१०.८६ | १ | चालु खर्च | | १७७९४५३७५.११ |
| | क- नगद | | | २ | पुजीगत खर्च | | १४३१४९८१९.५० |
| | ख- बैक | ६२९३०१०.८६ | | ३ | वित्तीय व्यवस्था खर्च चालु तर्फ | | १४६६९०००.०० |
| २ | राजश्व | | ४३६४६२५५.०० | ४ | वित्तीय व्यवस्था खर्च पुजीगत तर्फ | | १२७९३८६२.०० |
| | आन्तरिक राजश्व | २७१४०६४.०४ | | ५ | वित्तीय व्यवस्था भुक्तानी | | |
| | राजश्व बाडफाँड | ४०९३२१९०.९६ | | | क- ऋण भुक्तानी | | |
| ३ | वित्तीय हस्तान्तरण संघीय सरकार | | २८०२९४८४०.०० | | ख- ब्याज भुक्तानी | | |
| | क- वित्तीय समानीकरण | ६९८०००००.०० | | | ग- अन्य भुक्तानी | | |
| | ख-शर्सत अनुदान | १७९४९४८४०.०० | | ६ | लगानी | | |
| | ग-सम्पुरक अनुदान | ६००००००.०० | | | क- ऋण लगानी | | |
| | घ-विशेष अनुदान | २५००००००.०० | | | ख- शेयर लगानी | | |
| | | | | | ग- अन्य लगानी | | |
| ४ | वित्तीय हस्तान्तरण प्रदेश सरकार | | २६१२९०००.०० | ७ | प्रकोप व्यवस्थापन कोष खर्च | | ३४१५७३०.०० |
| | क- वित्तीय समानीकरण | ६९७००००.०० | | ८ | विविध कोष खाचा खर्च | | २०६९७५५.०० |
| | ख-शर्सत अनुदान | ४५१३०००.०० | | ९ | गत वर्षको बाँकी रकम फिर्ता संघीय कोषमा | | २३०७७४३८.९० |
| | ग-सम्पुरक अनुदान | ७७४६०००.०० | | १० | गत वर्षको बाँकी रकम फिर्ता प्रदेश कोषमा | | २३०१०५८.५० |

निकायको नाम अपिहिमाल गाँउपालिका , दार्चुला
वर्ष २०७७/७८

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ-विशेष अनुदान | ६९०००००.०० | | ११ | फिनल्याण्डको रकम फिर्ता | | ९१८१४२.२१ |
| | | | | १२ | मौज्दात | | |
| ५ | अन्तर स्थानिय तहबाट प्राप्त | | | | क- संचित कोषमा मौज्दात | | ९२९४६८५.३२ |
| ६ | वित्तीय व्यवस्था प्राप्ती | | २७४६२८६२.०० | | ख- धरौटी मा मौज्दात | | ३५७८४१८.०० |
| | क- सामाजिक सुरक्षा कार्यक्रम | १४६६९०००.०० | | | ग- प्रकोप व्यवस्थापन कोषमा मोज्दात | | ५०९०६५.०० |
| | ख-स्थानिय पुर्वाधार कार्यक्रम | २४९९०२१.०० | | | घ- कर्मचारी कल्याण कोष | | २५८८९०.०० |
| | ग-एकीकृत स्वास्थ्य पुर्वाधार विकास | ८४९४८४१.०० | | | ङ- लैङ्गिक हिसा निवारण कोष | | १०००००.०० |
| | घ- स्थानिय तह प्रशासकिय भवन पुर्वाधार विकास | १८०००००.०० | | | च- विविध खर्च खाता | | ७३०२३३.५० |
| ७ | धरौटी आय | ३५७८४१८.०० | ३५७८४१८.०० | | फरफारक नभएको हिसाव | | (३२३४१३.६८) |
| ८ | प्रकोप व्यवस्थापन कोष | ३९२४७९५.०० | ३९२४७९५.०० | | | | |
| ९ | विविध खर्च खाता | २७९९९८८.५० | २७९९९८८.५० | | | | |
| १० | कर्मचारी कल्याण कोष | २५८८९०.०० | २५८८९०.०० | | | | |
| ११ | लैङ्गिक हिसा निवारण कोष | १०००००.०० | १००००० | | | | |
| | जम्मा | ३९४४८८०५९.३६ | ३९४४८८०५९.३६ | | जम्मा | | ३९४४८८०५९.३६ |

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| | **परिचय–** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस अपिहिमाल गाँउ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह– अस्तित्व र समन्वयलाई प्रवर्द्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु अपि हिमाल गाँउ पालिकाको उद्देश्य रहेको छ । यस अपिहिमाल गाँउ पालिका अन्तर्गत ६ वडा, गाँउपालिका प्रमखु लगायत ३० जना सभा सदस्य, ६१३.९५ वर्ग किलोमिटर क्षेत्रफल तथा ७ हजार ९४३ जनसंख्या घरधुरी १२८० रहेको छ । | | |
| | • वित्तीय विवरण विश्लेषण | | |
| १. | **वित्तीय विवरण–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।<br>• यस पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• यस पालिकाले बैंक समायोजन हिसाब तयार गरि हिसाव मिलान गरेको तथा खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ३२३८१२.६८ ले फरक देखिएको छ ।<br>• सुत्रको माध्यम मार्फत तयार प्रतिबेदनमा स्थानीय तहको चालु तथा बिगतको पेश्की तथा बिभिन्न कोषको कारोबारको पुर्ण प्रतिनिधित्व हुन सकेको छैन । | | |
| २. | **बैंक हिसाब मिलान नगरेको–** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | ३२३८१२.६८ | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| स्थानीय सञ्चित कोष खाता | ८९,७०,८७१.६४ | ९२,९४,६८५.३२ | ३२३८१३.६८ |
| धरौटी खाता | ३५७८४१८.०० | ३५७८४१८.०० | ० |
| कोभिड कोष खाता | ५०९०६५.०० | ५०९०६५.०० | ० |
| कर्मचारी कल्याण कोष खाता | ३५८८९०.०० | ३५८८९०.०० | ० |
| अन्य खाताहरु | ७३०२३३.५० | ७३०२३३.५० | ० |
| जम्मा | १,४१,४७,४७८.१४ | १,४१,४७,४७८.१४ | ० |

- आन्तरिक नियन्त्रण

३. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमादेखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १७ ऐन, ९ नियमावली, २४ कार्यविधि ४ निर्देशिका, ३ मापदण्ड र १ विधेयक कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| | • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• पालिकाले २०७७/०७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेकोपाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकिकरण गरी कार्यान्वयन गरेको छैन । | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| | • सञ्चालित योजनाको सूचना पाटीमा आय– व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आशिक पालना भएको पाईयो।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| ४. | **सुत्रमा रहेको समस्याः** यस गाउपालिकाको आ.व २०७६।७७ देखि सुत्र प्रणालीमा आर्थिक कारोवार सन्चालन गरेको छ।उक्त प्रणाली कार्यान्वयनमा भएता पनी लागुहुनु पुर्वका फछ्यौट हुन बाँकी पेश्कीहरुको अभिलेख तथा फर्छयौट अध्यावधिक नगरेकोले यस प्रणालीले समेट्न सकेको देखिएन। पेश्की फछ्यौट घटी बढी र पेश्की रकमको अभिलेखको बैकल्पिक व्यवस्था उक्त सप्टवेयरमा उपलब्ध नभएको देखिएकोले बिगतको आर्थिक कारोबार संग सम्बन्धित क्रियकलापको वित्तिय विवरणले प्रस्तुत गर्न सकेको दिखिएन, साथै बजेट बाँडफाँड तथा रकमान्तर र सामान्य गल्तिका कारण बजेट निकासा तथा खर्चको हिसाव मिलान र संशोधन अवस्थमा पनि यसको प्रयोग आधिकारिक व्यक्तिवाट तत्काल हुन नसक्ने अवस्था जानकारी गराएकाले समस्या यस्ता समस्याकाव समाधानतर्फ समेत सम्बन्धित निकायको ध्यानआकर्षण आवश्यक देखियो। | | |
| ५. | **आयोजनाहरूको फरफारक** : स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८४ प्रमखु प्रसासकीय अधिकृतको व्यवस्था गरि निजका काम कर्तव्य तथा अधिकार तोकेको छ । यसै दफाको उपदफ २ (ङ) मा आयोजनाहरूको फरफारकका लागि प्रतिबेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने काम तोकिएकोमा यस स्थानीय तहमा उक्त व्यवस्थाको कार्यान्वयन भएको देखिएन । कार्यान्वयन गरिएका आयोजना तथा योजनाको कार्यपालिकावाट मूल्याँकन भई देखिएका कमि कमजोरी समयमै सुधार गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरेको देखिएन ।अत सन्चालित आयोजनाको सन्चालनमा भएको खर्चको मूल्याँकन कार्यपालिकावाट हुन सकेको नदेखिएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरिनु पर्दछ । | | |
| ६. | **लेखापरीक्षण समितिको गठन** : आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६को दफा ३४ ले प्रतेक स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र सो वाट औंल्याईएका व्यहोरमा सुधार भए नभएको परीक्षण तथा आवस्यक कारवाहि गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्ने यो समितिले गरेको काम कारवाहिको प्रतिबेदन स्थानीय तहका प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था भएता पनि ऐनको उक्त व्यवस्थाको कार्यान्वयन यो स्थानीय तहवाट कार्यान्वयन भएको नदेखीएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरिनु पर्दछ । | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| ७. | **खर्च सार्वजनिकीकरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूmले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिमार्फत काम गराएकोमा सवै उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट, खर्च पूर्णरुपमा सार्वजनिक गरेको पाइएन । नियममा भएको व्यवस्थाको पूर्णरुपमा पालना हुनुपर्दछ । | | |
| | • कानून निर्माण र कार्यान्वयन | | |
| ८. | **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः** लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | | |
| ९. | **कानून र सञ्चालन स्थिति–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १७ वटा ऐन, ९ वटा नियमावली, २४ वटाकार्यविधि लगायत ३ वटा मापदण्ड र १ विधेयक गरी जम्मा ५८ कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएकोछ । साथै पालिकाले ५८ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | | |
| १०. | **कार्य संचालन कार्यविधिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड बनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|

| क स | कार्यक्रमको नाम |
|---|---|
| १ | महिला तथा बालबालिका सम्बन्धी कार्यविधि २०७७ |
| २ | लैङ्गिक हिसा निवारण कोष सम्बन्धी कार्यविधि २०७७ |
| ३ | अपिहिमाल गाँउपालिका पशु विकास कार्यक्रम संचालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७७ |
| ४ | अपिहिमाल गाँउपालिका बजेट तथा कार्यक्रम तर्जुमा समिति संचालन कार्यविधि |
| ५ | अपिहिमाल गाँउपालिका स्थानिय राजश्व परामर्श समितिको कार्यसंचालन का. |
| ६ | भवन निर्माण अनुमति प्रक्रियाको कार्यविधि २०७८ |
| ७ | अपिहिमाल गाँउपालिका पुर्ण सरसफाई प्रवर्धन गर्न बनेको कार्यविधि २०७८ |
| ८ | अपिहिमाल गाँउपालिका स्तरीय खानेपानी तथा सरसफाई योजना मर्मत सम्भारको संचालन कार्यविधि २०७८ |
| ९ | गाँउपालिका क्षेत्रमा कार्यरत श्रमिक तथा असाहयलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड २०७७ |
| १० | आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७५ पहिलो संशोधन सहित |

११. **न्यायिक समिति–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो बर्ष थप भएको ३ गरी कूल ३ विवाद दर्ता भएकोमा २ वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१२. **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

१३. **योजना र कार्यान्वयन–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | १७ | १३७५००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १९ | ५८००००० |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ३ | २०३८००० |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | १० | २५००६००० |
| ५ | ५० लाख भन्दा माथीका | ३ | २७९०५०० |
| | जम्मा | ५२ | ६२१२४०००.०० |

१४. **बजेट पेश, पारित र अख्तियारी**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री उर्मिला बोहराले २०७७।०३।०६ गते रु ३२ करोड ९८ लाख ३० हजार छ सय पचासको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०३।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । — data old

- खर्च व्यवस्थापन

१५. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | विनियोजित बजेट | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | १७७९८०३५०.८६ | १४३१४९८१९.५० | ४७२३८७८ | ३८४५५२३५ | ९९९७०७०६.५ | ६९३६००७३.५० |
| | कूल खर्चः | १४३१४९८१९.५० | ४७२३८७८ | ३८४५५२३५ | ९९९७०७०६.५ | ६९३६००७३.५० |
| | खर्च प्रतिशत | ८०.५० | २.६६ | २१.६१ | ५६.१७ | ३८.९८ |

१६. **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७/०७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५३७२१७४० | ४८९०४५७० | ९१.०३ |
| सामाजिक क्षेत्र | १९७८७३५९८ | १६८०१२४२३.९० | ८४.९० |
| पूर्वाधार विकास क्षेत्र | ६२८६२००० | ५१२१४१०३ | ८१.४७ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १११६५००० | १०२६९०६२.७९ | ९१.९७ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ५४९६९०६२.८६ | ४२६९५०३५.७२ | ७७.६७ |
| जम्मा | ३८०५९१४००.८६ | ३२१०९५१९५.४१ | ८४.३७ |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७/०७८ को कूल खर्च मध्ये सबैभन्दा बढी सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र मा ९१.९७ प्रतिशत र सबै भन्दा घटी कार्यसंचालन तथा प्रशासनिक खर्च मा ७७.६७ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१७. **खर्च बिश्लेषण –** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. ९००७०७४.९० राजस्व बाँडफाँड र अनुदानबाट रू. ३७८३९७३१०.९६ समेत रू. ३८७४०४३८५.८६ आम्दानी भएकोमा चालु तर्फ रू. १७७९४५३७५.११ र पूँजिगत तर्फ रू. १४३१४९८१९.५० र बित्तिय ब्यबस्था तर्फ रू. २७४६२८६२.०० समेत रू. ३४८५५८०५६.६१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.५९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारीहरुको गत आर्थिक वर्ष २०७६।७७ को कार्तिक देखि यस आर्थिक वर्ष २०७७।७८ को गरी जम्मा २१ महिनाको सेवा सुविधा तथा २ वर्षको चाडपर्वको रकम गरी जम्मा सुबिधामा रु ९५५१०००.०० खर्च भएको छ जुन आन्तरिक आयको १०६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५१.२३ प्रतिशत चालु र ४१.२२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१८. **कन्टिन्जेन्सी खर्चको अभिलेखः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु ३७५१३५८.०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी बाट रु ९७१२०६.०० खर्च गरि अभिलेख राखेको छ ।

- **संगठन तथा कर्मचारी ब्यवस्थापन**

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| १९. | **कर्मचारी करार–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ९ जना समाजिक परिचालक कृषि तथा पशु प्राविधिक १२ जना र विपद व्यवस्थापन अधिकृत १ जना गरि जम्मा २२ जना कर्मचारीहरु करारमा राखी रु ४२०४०००.०० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ९ जना समाजिक परिचालक कृषि तथा पशु प्राविधिक १२ जना र विपद व्यवस्थापन अधिकृत १ जना गरि जम्मा २२ जना कर्मचारीहरु करारमा राखी रु ४२०४०००.०० खर्च लेखेको छ । | | |
| २०. | **कल्याण कोष–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस सम्बन्धी कोष वनाएको देखिएन । यसरी कानूनको व्यवस्था गरी पालिका अनुदानबाट कर्मचारी कल्याण कोष स्थापना गर्ने व्यवस्था गर्नु पर्दछ । | | |
| २१. | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन भत्ता खर्च रू. ५,०९,०००.०० गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | ५०९०००.०० | |
| २२. | **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७/०७८ को सम्पूर्ण आर्थिक कारोबारको वार्षिक रूपमा आन्तरिक लेखापरीक्षण गराएको पाईयो । पालिकाले आन्तरिक लेखापरीक्षणको लागि आलेप सहायक पाँचौ पदमा १ कर्मचारी कार्यरत रही निजको पारिश्रमिकमा बर्षभरीमा रु ५५२०६४। खर्च भएकोमा सम्पूर्ण कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छ । आर्थिक कारोबारको चौमासिक रूपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | | |
| | • सेवा प्रवाह व्यवस्थापन | | |

...को नाम अपिहिमाल गाँउपालिका , दार्चुला

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| ३. | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ । | | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | ४ | २ रिक्त |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| २४. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख अध्यावधिक राखे कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | | |
| २५. | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ३७८ |
| मृत्युदर्ता | ४२ |
| बसाईसराई दर्ता | ८ |
| विवाह दर्ता | ६३ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | मि. |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| | कालोपत्रे सडक मर्मत — ० ; ग्राभेल सडक निर्माण — कि.मि. ; ग्राभेल सडक मर्मत — कि.मि. | | |
| | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । | | |
| | • पदाधिकारी सुविधा | | |
| २६. | **स्वकीय सचिव र सल्लाहकार–** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस सुदूरपश्चिम प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को बुदा ६ मा कानून बमोजिम निजी भान्छे चालक वा सहायक पाउने कर्मचारीलाई उक्त निजी सुविधाको भुक्तानी हुने शुरु तलव मात्र पाउने उल्लेख छ ।सहायक कम्प्युटर अपरेटर पदमा करारमा नियुक्तएककर्मचारीलाई गाउँपालिकाको अध्यक्षको सहायक काममा लगाई मासिक तलब रु १७०००।०० खर्च लेखेको छ । | | |
| | **चालु तर्फः** | | |
| २७. | **अनुगमनः** भ्रमणखर्च नियमावलीमा अनुसुचिमा उल्लेखित जिल्लाहरूमा भ्रमणभत्ता वापत तोकिएको दरमा थप १० प्रतिशत पाउने व्यवस्था छ तर कार्यालयका निम्न लिखित कर्मचारीहरूले काठमाण्डौं , धनगढी लगायतका ठाँउमा जाँदा समेत विभिन्न भैचरमा थप १० प्रतिशत खर्च लेखेकाले असुल उपर गरी राजस्वमा दाखिला गर्नु पर्ने रू. | ४२४०.०० | |

| नाम | समय | दर | दिन | जम्मा रकम |
|---|---|---|---|---|
| पानसिंह धामी वि.व्य.अ. | ०७७।१०।२० देखी २७ | १६० | ३ | ४८० |
| नरेन्द्र सिंह महर खापासेट | ०७७।०९।२६ देखी १०।०६ | १६० | १० | १६०० |
| प्रमोद सिंह मन्याल सु.प्र.अ | ०७७।१०।२४ देखी११।०४ | १६० | ५ | ८०० |
| रोशन चौधरी क.अ | १२।१७ देखी २३ | १२० | ६ | ७२० |
| जम्मा | | | | ४२४० |

| | | | |
|---|---|---|---|
| २८. | **एकल पुरूष भत्ताः** गापाले एकल पुरूष भत्ता वितरण कार्यविधी २०७६,२०७६।१२।०३ मा निर्माण गरी एकल पुरूष भत्ता वापत २७ जनालाइ ५०० का दरले १२ महिनाको ६००० ले हुने जम्मा १६०००० वितरण गरेको छ । | | |
| २९. | **अग्रिम आयकरः**आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम व्यक्ति, फर्म वा संस्थालाइ भुत्तानि गर्दा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कानुनी सल्लाहकार भएको भक्तसिंह ठेकरे बोहरालाइ विभिन्न मितिमा संझैता बमोजिम भुत्तानी गरेको रू. | | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| | ३५००००.०० मा ५२५००.००कर कट्टी गर्नुपर्नेमा रू. ३५००.०० मात्र कर दाखिला गरेकाले घटी कर कट्टी भएको रू. ४९०००.०० कर असुल गरी राजस्वमा दाखिला गर्नुपर्ने रु. | ४९०००.०० | |
| ३०. | **स्थानीय र महंगि भत्ता सम्बन्धमा**<br>सामान्य प्रसासन मन्त्रालयको मिति २०७४।१।२१ को मन्त्रीस्तरीय निर्णय अनुसार सबै निकायहरुमा एकरुपता कायम हुनेगरी स्वीकृत दरवन्दि भित्र करारमा रहेका ब्यक्तिहरुलाइ आ व २०७४।७५ बाट लागु हुनेगरी तोकिए बमोजिमको सेवा सुविधा उपलब्ध गराउने जानाकारी गराईएको छ। संघिय मामिला तथा सामान्य प्रसासन मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको च नं १५६ मिति २०७५।६।११ को पत्र अनुसार सबै स्थानीय तहमा सुचना प्रविधि अधिकृतको सेवा करारमा लिने गरि सामान्य प्रसासन मन्त्रालयको ०७४।४।२१ को मन्त्रीस्तरीय निर्णयको विपरीत महंगि भत्ता र दुर्गम स्थानीय भत्ताको सुविधा दिनेगरी करार कर्मचारी नियुक्ति गरि पठाइएको छ। यसरी एउटै निकायबाट सेवा सुविधाका सम्बन्धमा गरीने फरक निर्णय र परीपत्रले कार्यस्थलमा जटिलता निम्ताएको देखियो। केन्द्रबाट नियुक्तिभई आउने करार कर्मचारीले महंगि भत्ता र स्थानीय भत्ताको सुविधा लिने तर स्थानीयस्तरबाट नियुक्ति हुने करार कर्मचारी सो सुविधाबाट बन्चित हुने अवस्थाले सेवा सुविधाका सम्बन्धमा एकरुपता देखिएन। समान तह र एउटै कार्यस्थलमा कार्यरत केन्द्रबाट नियुक्त कर्मचारीले महंगि भत्ता र स्थानीय भत्ता पाउदा स्थानीय तहका करार कर्मचारीले सो सुविधाबाट बन्चित हुदा सेवा प्रवाहमा समेत प्रभाव पर्ने देखिन्छ। लेखापरीक्षणको क्रममा बिभिन्न स्थानीय तहमा यसरी करारमा कर्मचारी नियुक्तिको सम्झौता गर्दा एकरुपता नभएको देखिएको छ। यस पालिका मा रहेको ५ जना करार कर्मचारीलाई स्थानीय तथा महंगि भत्तामा रु. ४५०९६०.०० खर्च लेखेकोमा उल्लेखित निर्णयको सम्वन्धमा सम्बन्धित निकायबाट स्पष्ट निर्देशन भई आवश्यक कारवाही हुनुपर्ने देखियो । | | |
| | • अनुत्पादक तथा बितरणमूखी खर्च | | |
| ३१. | **मन्दिर निर्माण तथा मर्मतः**स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ३ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. ४५००००.०० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमाकूल पालिकाको पुँजिगत बजेटको ०.६७ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | | |
| | • अनुदान प्रासि,वितरण र फिर्ता | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| ३२. | अनुदान फिर्ता — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा बाँकी रहेको रकम सम्बन्धित निम्नानुसारका निकायमा फिर्ता पढाएको छ । | | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता भएको रकम | फिर्ता हुन बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १६१२४७३५१.८९ | १४३९१८१०५.९९ | १७३२९२४५.९० | ० |
| | विषेश | १९६३८१५४.०० | १४२७६३०८.०० | ५३६१८४६.०० | ० |
| | समपुरक | ५६१३७५३.०० | ५२२७५०६.०० | ३८६२४७.०० | ० |
| | अन्य | | | | |
| प्रदेश सरकार | शसर्त | ४५१३०००.०० | ४४७३०००.०० | ४०००० | ० |
| | विषेश | ६९०००००.०० | ६८५७२३८.०० | ४२७६२ | ० |
| | समपुरक | ५५२७७०३.५० | ३३०९४०७.०० | २२१८२९६.५० | ० |
| | अन्य | | | | |
| | जम्मा | २०३४३९९६२.४० | १७८०६१५६५.०० | २५३७८३९७.४० | |

- कर दस्तुर एवं आन्तरिक आय

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| ३३. | **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, को उपदफा १ ६४ को साबिक दफा २०७४, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, )द्वारा खारेज गरी दफा ६२ २०७५कथप गरेर स्थानीय तहहरुले गिट्टी (, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७७ को दफा ८ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । सुदूरपश्चिम प्रदेश आर्थिक ऐन २०७७ को दफा ८)३ अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश ( सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह २०७७ )बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२क ( बिपरित देखिन्छ । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एवं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| ४. | **रकम ढिला दाखिला गर्ने** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | | |
| | **मू.अ.कर** | | |
| ५. | **मूल्य अभिवृद्धि कर कट्टी** – आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. १९०६१९.०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । (see table A) तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | १९०६१९.०० | |
| ६. | **बिजक केरमेट**– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ... मा भुक्तानीमा कर विजक केरमेट गर्न नहुने व्यवस्था छ । तर निम्न लिखित विल भर्पाइमा केरमेट भएकाले मुल्य समायोजन पेश गर्नुपर्ने रू. (see table B) कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु. | २०४६६५९.०० | |
| ३७. | **निर्माण व्यवसायीको कोष कट्टी नगरेको विवरणः** ठेक्का प्रकृयावाट संचालित योजना पालिकाले ०.१ प्रतिशत निर्माण व्यवसायी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले गरेको देखिएन । तसर्थ पालिकाले कोष कट्टा गरी दाखिला गर्नुपर्ने रू. | २३९२२.०० | |

Table A (दफा ५):

| भौचर नं मिति | योजना को नाम | निर्माण ठकेदार | पान नं | विल न।मिति | ६.५ मु.अ कर |
|---|---|---|---|---|---|
| २।०७७।०६।२९ | झो.पू | एस के ईन्जिनियरिङ | ३००४६१०१५ | ५९।०७७।१२।६ | १,५४,३११- |
| ६०।०७७।१२।४ | कृषि पकेट पोलि हाउस | मन्याल कन्स्ट्रक्सन | ६०९८००८९० | २,३,४।०७७।११।७ | ३६,३१८।- |
| जम्मा | | | | | १९०६१९.०० |

Table B (दफा ६):

| भौचर नं मिति | योजना को नाम | निर्माण ठकेदार र पान नं | विल न र मिति | Vat सहितको रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | केरमेट गरेको |
| ३२। ०७७।१२।६ | आ.स्वा.भवन वडा न-५ | सोनी निर्माण सेवा ३००४६१०१५ | ५९।०७७।१२।६ | १५,६९,२६३।- | अंक र अक्षर केरमेटगरेको |
| १२२ ।०७८।३।२८ | पि.सि.सि बाटो | भगवती निर्माण से. ६०८६९९२२६ | ०३।०७८।३।२८ | ४,७७,३९६।- | छुट % मा केरमेट |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| ४२. | **बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली २०६४ को ११२ मा सार्वजनिक निकायले रु दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरेकोमा नियमावलीमा तोकेबमोजिम बीमा गरेको अवस्था छैन । भवन निर्माण, सिचाई नहर निर्माण तथा खानेपानी जस्ता प्राविधिक रुपमा संवेदनशील संरचनामा निर्माणमा सम्भावित दुर्घटना बच्न बीमा अपरिहार्य रहेकोले सीमा भन्दा माथीका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ । | | |

| क्र स | निर्माण व्यवसायीको नाम | निर्माण कार्यको विवरण | लागत अनुमान मुअकर बाहेक | सम्झौता रकम मुअकर बाहेक |
|---|---|---|---|---|
| १ | अपिशैपाल मार्मा कन्स्ट्रक्सन एण्ड स. | खण्डेश्वरी मा.वि. छात्रवास निर्माण | ६४०७६२९.५८ | ४२५२७३२.४८ |
| २ | अपिशैपाल मार्मा कन्सट्रक्सन एण्ड स. | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. २ | ५१४४६८५.८० | ३४५३३०७.८५ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | |
|---|---|---|---|
| ४३. | **ग्रामिण जलस्रोत तर्फः** | | |
| ४४. | **स्वीकृत कार्याक्रम कार्यान्वनः**-_यो बर्ष सन्चालन गर्नुपर्ने विभिन्न कार्याक्रम तथा क्रियाकलाप मध्ये खानेपानी संरचना निर्माण सुधार तथा स्तरोन्नती तर्फ क्रि.न. १९ को सामुदायिक वास सम्बन्धि संरचना सहयोग तथा विद्यालय खानपानी तथा सरसफाई योजना सहयोग र क्रि.न ४.२.५ चालु तर्फको market management and planning training बजेट व्यवस्था हुदा हुदै पनी संचालन गरेको देखिएन। अतः यसमा कार्याक्रम कार्यान्वयन पक्षलाई सक्षम बनाउनु पर्दछ। | | |
| ४५. | **मुल्य अभिवृद्धि कर भुक्तानीः**- सार्वजनीक खरिद निमावली २०६४ को नियम ९७(१०) अनुसार उपभोक्ता समितिले लिएको काममा ठेक्का बाट गराउन नमिल्ने व्यवस्था रहेको छ। त्यसैगरी नेपाल सरकारको आंसिक वा पुर्ण स्वामित्व भएका संघ संस्था वा कार्यालयले सेवा वा वस्तुको आपुर्ति गर्ने गरि गरेको ठेक्का सम्झौता वा करार अन्तर्गतको भुक्तानीमा दिईने मुल्य अविदृद्धि फरामको रकमको रु ५०% कहागरी राजस्व दाखिला गर्ने र बाँकी रकम जानकारी सहित आपुर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ। यस पालिका अन्तर्गत संचालित RVWRMP द्धारा संचालित विभिन्न कार्याक्रमहरुमा उपभोक्ता समितिले शिलबन्दि दरभाउपत्रको सार्वजनिक सुचना जारिगरी छनौट भएका आपुर्तिकर्ता बाट मुल्य अभिबृद्धि कर सहितको कर विभाजनका आधारमा खरिद कारोबार गरेको र सोही विजकको आधारमा कार्यालयले मु.अ कर सबै सहितको रकम उ.स. लाई भुक्तानी गरेको पाईयो। यसरी उ.स ले भुक्तानी गरेको रकमको जानकारी उ.स. तथा कार्यालयले आपुर्तिकर्ताको आन्तरिक राजस्व कार्यालयमा जानकारी पनि नदिएको र ५०% ले हुने रकम कट्टा पनि नगरेको अवस्थामा मुल्य अभिवृदि करको असुली तथा संकलनमा अपचलन हुन नसक्ने अवस्था रहेकोले उ.स. द्धारा छनौट भई निर्माण सामाग्रीको आपुर्ती गरेका निम्न आपुर्तिकर्ताको निम्न कारोबारको कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने रु | १०७५८९८.०० | |

यको नाम अपिहिमाल गाँउपालिका , दार्चुला

अर्थिक वर्ष २०७७।७८

